नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
# जिल्ला समन्वय समितिको कार्यालय
## खलंगा,प्यूठान
लुम्बिनी प्रदेश,नेपाल

फोन नं. ०८६-४२००४६
०८६-४२००२३
०८६-४२००२४
०८६-४२०१८१
०८६-४२०१४७
Gmail:ddcpyuthan@gmail.com.

प.सं.२०८२/८३
च.नं. १-८२

मिति:-२०८२।०७।१२
नेपाल सम्बत्११४५

**विषय:-स्वत:प्रकाशन सम्बन्धमा।**

श्री राष्ट्रिय सूचना आयोग,
त्रिपुरेश्वर, काठमाडौँ।

प्रस्तुत विषयमा सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली,२०६५ को नियम ३ वमोजिम यस कार्यालयबाट मिति २०८२ श्रावण १ गते देखि २०८२ आश्विन मसान्तसम्म सम्पादन भएको कामहरुको विवरण प्रकाशन गरी सोको विवरण यसै पत्रसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ।

बोधार्थ:-
श्री सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार,काठमाण्डौ।
श्री जिल्ला प्रशासन कार्यालय,प्यूठान ।
श्री जिल्ला हुलाक कार्यालय,प्यूठान।

(भोज बहादुर भण्डारी)
जिल्ला समन्वय अधिकारी
भोज बहादुर भण्डारी
जिल्ला समन्वय अधिकारी

# सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम

## २०८२ साल श्रावण १ गते देखि आश्विन मसान्तसम्मका सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण



जिल्ला समन्वय समितिको कार्यालय,प्यूठान

मिति २०८२ कात्तिक ११गते

# स्वत:प्रकाशन

## (Proactive Disclosure)

सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारिता गराउन र लोकतन्त्रलाई संस्थागत गर्नको लागि सूचना प्रवाहलाई महत्वपूर्ण कार्यको रुपमा लिन सकिन्छ। सुशासनलाई संस्थागत गर्नको लागि नेपालको संविधान,२०७२ को धारा २७ मा सूचनाको हक सम्बन्धी व्यवस्था गरेको छ। संविधानमा नै सूचनाको हकलाई मौलिक हकको रुपमा व्यावस्था गरी राज्यबाट हुने कार्यसम्पादनलाई लोकतान्त्रिक पद्दति अनुरुप खुला तथा पारदर्शी बनाई सार्वजनिक महत्वको सूचनामा आम नागरिकहरुको पहुँचलाई सहज बनाउनको लागि सूचनाको हक सम्बन्धी ऐन,२०६४ तथा नियमावली,२०६५ को नीतिगत व्यवस्था समेत भएको छ। संघ,प्रदेश तथा स्थानीय तहहरु बिच समन्वय तथा सहकार्य जिल्ला समन्वय समितिको कार्यालयले गर्दै आइरहेको छ। सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम जिल्ला समन्वय समितिको कार्यालय प्यूठानबाट मिति २०८२ श्रावण १ गते देखि आश्विन मसान्त सम्म सम्पादन गरिएका मुख्य कार्यहरुको जानकारी आम सर्वसाधरण नागरिकलाई होस भन्ने उद्देश्यका साथ तयार गरिएको छ।

जिल्ला समन्वय समितिको कार्यालय
लुम्बिनी प्रदेश, प्यूठान

भोज बहादुर भण्डारी
जिल्ला समन्वय अधिकारी

**१-प्यूठान जिल्लाको परिचयः-**

प्यूठान जिल्ला नेपालको लुम्बिनी प्रदेशमा अवस्थित एक पहाडी जिल्ला हो । यस जिल्लाको सिमानामा पूर्वमा गुल्मी, पश्चिममा दाङ र रोल्पा, उत्तरमा रोल्पा र वाग्लुङ तथा दक्षिणमा दाङ र अर्घाखाँची जिल्लाहरु पर्दछन् । ८२°.३६" देखि ८०°.३६" पूर्वी देशान्तर र २७°.५५" देखि २८°.२५" उत्तरी अक्षांशको बीचमा फैलिएको यस जिल्ला उत्तर दक्षिण लम्बिदै र पूर्व पश्चिम सांगुरो बन्दै गएको देखिन्छ । समुद्री सतहबाट ३०५ देखि ३६५९ मीटरको उचाईमा अवस्थित यस जिल्लाको क्षेत्रफल १३६५ वर्ग किलोमिटर छ ।खलंगा यस जिल्लाको सदरमुकाम हो।यस जिल्ला भित्र २वटा नगरपालिका र ७वटा गाउँपालिकाहरु गरी जम्मा ९वटा स्थानीय तहहरु रहेका छना।भने ६४वटा वडाहरु रहेको छ ।यस जिल्ला भित्र संघिय निर्वाचन क्षेत्र १ र प्रदेश निर्वाचन क्षेत्र २ वटा रहेका छन् ।




**२- जिल्ला समन्वय समितिको कार्यालय,प्यूठानको स्वरुप र प्रकृतिः**

जिल्ला समन्वय समितिको कार्यालय निर्वाचित जनप्रतिनिधीहरुले नेतृत्व गर्ने कार्यालय हो । जिल्ला समन्वय समितिमा जिल्ला सभाका सदस्यहरुले निर्वाचित गरेका ६ जना देखि ९ जनाको संख्यामा पदाधिकारीहरु रहेन व्यवस्था छ । स्थानीय सरकार संचालन ऐन २०७४ मा भनिएको छ "जिल्ला समन्वय समिति भन्नाले संविधानको धारा २२० को उपधारा (३) वमोजिमको जिल्ला समन्वय समिति सम्झनु पर्छ" । जिल्ला भित्रका नगरपालिका प्रमुख र उप-प्रमुख तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षहरु जिल्ला सभाका सदस्य रहन्छन् । जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पुर्ण काम जिल्ला समन्वय समितिले गर्ने संबैधानिक व्यवस्था छ ।

भोज बहादुर भण्डारी
जिल्ला समन्वय अधिकारी

नेपालको संविधानमा व्यवस्था भए अनुसार नेपाल एक संघीय गणतान्त्रिक राष्ट्र हो । जहाँ तीन तहको सरकार सम्बन्धी अवधारणा रहेको छ । यसै संविधानमा भएको व्यवस्था अनुसार ७ प्रदेशमा भएका ७७ जिल्लाहरुमा ७५३ वटा स्थानीय निकायहरु रहेका छन । ती ७७ वटै जिल्लामा जिल्ला समन्वय समितिको व्यवस्था गरिएको छ । जस मध्य प्यूठान जिल्ला समन्वय समिति पनि एक हो । प्यूठान जिल्ला समन्वय समितिमा प्रमुख र उप-प्रमुखका अतिरिक्त ७ जना सदस्य गरी जम्मा ९ जना पदाधिकारी रहेका छन ।

## ३- जिल्ला समन्वय समितिको कार्यालय,प्यूठानको काम,कर्तव्य र अधिकारः

- नेपालको संविधान बमोजिम जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पुर्ण काम जिल्ला समन्वय समितिले गर्ने व्यवस्था गरेको छ । संविधानको धारा २२० को उपधारा (७) का अतिरिक्त स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९२ बमोजिम जिल्ला सभाको काम कर्तव्य र अधिकार देहाय वमोजिम रहने छ ।
- जिल्ला भित्रका गाउँपालिका र नगरपालिका विच समन्वय गर्ने ।
- विकास निर्माण सम्बन्धी कार्यहरुमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने ।
- जिल्ला भित्र रहेका संघीय र प्रदेश कार्यालय एंव स्थानीय तहहरु विच समन्वय गर्ने ।
- स्थानीय स्तरमा गैर सरकारी संस्थाबाट संचालित कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत,विषयगत क्षेत्र र पर्यावरण सन्तुलन कायम गर्न अनुगमन गरी आवस्यक सुझाव वा मार्गदर्शन दिनुका साथै सार्बजनिक गर्ने ।
- जिल्ला भित्रका स्थानीय तहहरुका क्षमता विकासका लागि प्रदेश तथा संघमा समन्वय गरी क्षमता विकासका कार्यहरु गर्ने ।
- जिल्ला भित्रका स्थानीय तहहरु विच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने ।
- नेपाल सरकार तथा प्रदेश सरकारले तोकेका अन्य कार्यहरु गर्ने/गराउने ।

जिल्ला समन्वय समितिको कार्यालय
लुम्बिनी प्रदेश, प्यूठान

भोज बहादुर भण्डारी
जिल्ला समन्वय अधिकारी

## ४- जिल्ला समन्वय समितिको कार्यालयमा रहेका कर्मचारी संख्या र कार्य विवरण:

जिल्ला सभा → समितिहरु

↓

जिल्ला समन्वय समिति → समितिहरु

↓

प्रमुख → निजी सचिवालय
ना.स.रा.प.अनं.प्रथम वा सो सरह-१(करार)

→ उप प्रमुख

↓

जिल्ला समन्वय अधिकारी
रा.प.द्वितिय(प्र/सा.प्र)

↓

**<u>व्यवस्थापन शाखा</u>**

शाखा अधिकृत(रा.प.तृतीय प्र./सा.प्र)
ना.सु.(रा.प.अनं.प्र./सा.प्र)-१
लेखापाल(रा.प.अनं.प्र./लेखा)-१
खरिदार(रा.प.अनं.द्वितिय प्र./सा.प्र)-१
सवारी चालक श्रेणी विहिन-२
कार्यालय सहयोगी श्रेणी विहिन-३

**<u>अनुगमन तथा मूल्यांकन शाखा</u>**

इन्जिनियर(रा.प.तृतीय ईन्जि./सिभिल/जनरल)
सब ईन्जिनियर(रा.प.अनं.प्रथम
ईन्जि./सिभिल/जनरल)-१

जिल्ला समन्वय समितिको कार्यालय
लुम्बिनी प्रदेश, प्यूठान

भोज बहादुर भण्डारी
जिल्ला समन्वय अधिकारी

## ४-(क)जिल्ला समन्वय समितिको दरबन्दी तेरिज:

| सि.नं. | पद | श्रेणी | सेवा | समुह | उपसमूह | दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | रा.प.द्वितीय | प्रशासन | सा.प्र | | १ | १ | |
| २ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र | | १ | १ | |
| ३ | इन्जिनियर | रा.प.तृतीय | इन्जि | सिभिल | | १ | १ | |
| ४ | ना.सु | रा.प.अनं प्रथम | प्रशासन | सा.प्र | | १ | १ | |
| ५ | सव-इन्जिनियर | रा.प.अनं प्रथम | इन्जि | सिभिल | | १ | - | १ |
| ६ | लेखापाल | रा.प.अनं प्रथम | प्रशासन | लेखा | | १ | १ | |
| ७ | खरिदार | रा.प.अनं द्वितीय | प्रशासन | सा.प्र | | १ | १ | |
| ८ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | | ३ | ३ | |
| ९ | ह.स.चा. | श्रेणी विहिन | | | | २ | २ | |
| जम्मा | | | | | | १२ | ११ | १ |

**करार सेवा प्रयोजन**

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | ना.सु (स्वकीय सचिव) | रा.प.अनं प्रथम | | | | १ | | |

## ५- जिल्ला समन्वय समितिको कार्यालयबाट प्रदान गरिने सेवाहरु:

- यस कार्यालयबाट नागरिक बडापत्रंमा उल्लेख भए अनुसारका देहाय अनुसार सेवाहरु प्रदान गरिन्छ ।

**जिल्ला समन्वय समितिको कार्यालय**
**खलंगा,प्यूठान**

**नागरिक वडापत्र**

| क्र.सं. | प्रदान गरिने सेवा | पेश गर्नुपर्ने कागजातहरु | सेवा प्राप्तगर्न लाग्ने समय | दस्तुर | सम्बन्धित शाखा | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | जिल्लाभित्रका गाउँपालिका/नगरपालिका बीच विकास निर्माणका विषय पहिचान तथा व्यवस्थापन गर्न समन्वय गर्ने | • स्थानीय तहबाट माग भएको पत्र ।<br>• अन्य आवश्यक कागजात । | आवश्यकता अनुसार | नि:शुल्क | प्रशासन शाखा | | जि.स.स. ले तोके बमोजिम कार्यक्रम निर्धारण हुने |

जिल्ला समन्वय समितिको कार्यालय लुम्बिनी प्रदेश, प्यूठान

राज बहादुर भण्डारी
जिल्ला समन्वय अधिकारी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | जिल्ला भित्रको विकास निर्माण कार्यको अनुगमन गर्ने, मार्गदर्शन वा सुझाव दिने | • स्थानीय तहबाट अनुगमन गर्नको लागि पठाईएको पत्र।<br>अन्य आवश्यक कागजात। | आवश्यकता अनुसार | निःशुल्क | अनुगमन शाखा | | जि.स.स.ले आवश्यकता अनुसार गर्ने |
| ३ | जिल्लामा रहेका संघीय वा प्रदेश सरकारी कार्यालय र स्थानीय तहविच समन्वय गर्ने। | संघीय वा प्रदेश कार्यालय वा स्थानीय तहको पत्र। | आवश्यकता अनुसार | निःशुल्क | प्रशासन शाखा | | |
| ४ | जिल्ला भित्रको गाउँपालिका र नगरपालिका विच कुनै विवाद उत्पन्न भएमा समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने | • सम्बन्धित स्थानीय तहको पत्र। | आवश्यकता अनुसार | निःशुल्क | प्रशासन शाखा | | जि.स.स.को निर्णय वमोजिम |
| ५ | जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैर सरकारी संघ/संस्था तथा निजी क्षेत्रसंग समन्वय गर्ने। | • गै.स.स. वा निजी क्षेत्रको निवेदन।<br>• गै.स.स./निजी क्षेत्रको द.प्र.प.।<br>• करचुक्ताको प्रमाणपत्र।<br>अन्य आवश्यक कागजात। | आवश्यकता अनुसार | निःशुल्क | प्रशासन शाखा | जि.स.अ. | |
| ६ | LISA र FRA समेतमा पृष्ठपोषण गर्ने | • सम्बन्धित पालिकाको पत्र<br>सम्बन्धित सफ्टवेयरबाट पृष्ठपोषणका लागि पठाएको जानकारी। | आवश्यकता अनुसार | निःशुल्क | प्रशासन शाखा | जि.स.अ. | |
| ७ | अन्य विविध सिफारिस गर्ने | • निवेदन<br>सिफारिस गर्ने विषयलाई प्रमाणित गर्ने अन्य कागजातहरु | आवश्यकता अनुसार | निःशुल्क | प्रशासन शाखा | जि.स.अ. | |

## ६-सेवा प्रदान गर्ने निकायको शाखा र जिमेवार अधिकारीः

| क्र.सं. | शाखा | जिम्मेवार अधिकारीको नामथर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | व्यवस्थापन शाखा | लेखनाथ अर्याल | शाखा अधिकृत | ९८४७०२९९३२ | |
| २ | अनुगमन तथा मूल्यांकन शाखा | सुरेश पाण्डे | ईन्जिनियर | ९८४७५२७०६६ | |

जिल्ला समन्वय समितिको कार्यालय
लुम्बिनी प्रदेश, प्यूठान

भोज बहादुर भण्डारी
जिल्ला समन्वय अधिकारी

७- सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधीः

यस कार्यालयबाट प्रदान गरिने जुनसुकै सेवा वापत शुल्क लाग्ने छैन।

## ८- निर्णय गर्ने प्रक्रिया र अधिकारीः

- यस कार्यालयमा प्राप्त भएका निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया प्रचलित कानुन वमोजिम हुन्छ । निर्णय गर्ने अधिकारीको रुपमा कार्यालय प्रमुखले काम गर्दछन् ।

९- निर्णय उपर उजुरी सुन्ने अधिकारीः

निर्णय उपर उजुरी सुन्ने अधिकारीःजिल्ला समन्वय अधिकारी

१०- सम्पादन गरेको कामको विवरणः

यस कार्यालयबाट मिति २०८२ श्रावण १ गते देखि मिति २०८२ आश्विन मसान्तसम्मको त्रैमासिक अवधीमा सम्पादित कामको विवरण निम्नानुसार रहेको छ।

- जिल्ला समन्वय समिति बैठक-३वटा
- जिल्ला स्थित स्थानीय तहहरु विच अनुभव आदानप्रदान सम्बन्धी बैठक-१वटा
- संघ,प्रदेश तथा स्थानीय तहहरु विच विभिन्न विषयहरुमा समन्वय तथा सहजिकरण

## ११- सूचना अधिकारी तथा कार्यालय प्रमुखको नाम र पदः


<u>कार्यालय प्रमुख</u>

नामः- भोज बहादुर भण्डारी

पदः- जिल्ला समन्वय अधिकारी

सम्पर्क नं.९८५७८८११८१

e-mail:ddcpyuthan@gmail.com

<u>सूचना अधिकारी</u>

नामः-दिपक पुन

पदः- खरिदार

सम्पर्क नं.९८५७८६८००६

e-mail:pundipak54@gmail.com


जिल्ला समन्वय समितिको कार्यालय लुम्बिनी प्रदेश, प्युठान

भोज बहादुर भण्डारी
जिल्ला समन्वय अधिकारी

**१२- ऐन/नियम तथा निर्देशिकाहरुः**

१- नेपालको संविधान,२०७२

२- स्थानीय सरकार संचालन ऐन,२०७४

३- सूचनाको हक सम्बन्धी ऐन,२०६४ र नियमावली,२०६५

४- सुशासन(व्यवस्थापन तथा संचालन)ऐन,२०६४ र नियमावली,२०६५

५- मौज्दात कोष संचालन निर्देशिका २०७५

६-ढुङ्गा,गिट्टी तथा वालुवा उत्खनन्,बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७

७- अन्य प्रचित नियम तथा कानुनहरु

**१३- आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि अध्यावधिक विवरणः**

- वार्षिक स्वीकृत वजेट तथा खर्चको विवरण
    - वार्षिक स्वीकृत वजेटः- १,६४,६२,०००।–(चालु तर्फ)
    - पुजिगत तर्फः- नभएको।

<u>चालु तर्फः</u>

| क्र.सं. | चालु तर्फ वजेट | आश्विन महिना सम्मको(त्रैमासिक) खर्च | कैफियत |
|---|---|---|---|
| १ | १,६४,६२,०००।- | ३३,७१;५११.७१।- | |

भोज बहादुर भण्डारी
जिल्ला समन्वय अधिकारी